१. रिपोर्टिङ्ग तथा कार्य प्रगति

२. आ. व. २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट

३. तराई मधेश समृद्धि कार्यक्रमका योजनाहरु

४. केन्द्र तथा प्रदेशका योजनाहरु

५. सार्वजनिक जग्गा व्यवस्थापन

६. शिक्षा क्षेत्र व्यवस्थापन

७. स्वास्थ्य क्षेत्र व्यवस्थापन

८. विविध

निर्णयहरु:

१) नगर प्रमुख श्री कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईबाट उपमहानगरपालिकाको समग्र गतिविधि र प्रशासनिक कार्य तथा योजना सञ्चालन सम्बन्धी विवरण प्रस्तुत भयो ।

२) आ. व. २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो । विषयगत र वडागत बजेटसीमा निर्धारण गरी आन्तरिक रुपमा तयारी गर्ने निर्णय गरियो ।

३) यस उपमहानगरपालिकाको तर्फबाट आ. व. २०७६।०७७ को लागि तराईमधेश समृद्धी परियोजना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा तपसिलका योजनाहरु पठाउने निर्णय गरियो ।

क. एकीकृत नमूना बस्ती नदीटोल (वडा नम्बर १०)

ख. सडक स्तरोन्नती (वडा नम्बर १४ स्याउलीचोकदेखि वडा नम्बर ११ आवाडारसम्म)

ग. सडक स्तरोन्नती (वडा नम्बर १७ रघुनाथपुर रामनगर सडक)

घ. सडक स्तरोन्नती (वडा नम्बर २२ मा ३ नं. पुलदेखि ढुकुवाबास)

ङ. कृषि सेड बजार निर्माण (वडा नम्बर १२ फत्तेपुर बजार)

४) आ व २०७६।०७७ को लागि आवश्यक बजेटसहित मांग गरी संघ तथा प्रदेशमा पठाउने योजनाहरुको सूची तयारी गरी पठाउने निर्णय गरियो ।

५) वडा नं. २३ भलुही (साविक रामपुरटोकनी गाविस) को कि न ३९२ (ज.वि. २-४-१०) सहित विवादित जग्गा सम्बन्धमा वडा अध्यक्ष श्री असलम देवानले गरेको सिफारिश सम्बन्धमा कार्यपालिको वैठकको गम्भिर ध्यानाकर्षण भएको छ । उक्त सम्बन्धमा वडाअध्यक्ष देवानको गम्भिर त्रुटी भएको छ । सो सम्बन्धमा निज देवानले कार्यपालिका वैठकमा आत्मालोचना गर्नुभएको छ । वैठकले उक्त गल्तीका सन्दर्भमा सचेत गराउदै आगामी दिनमा यस्तो गल्ती नगर्न निर्देशन दिइएको छ ।

सार्वजनिक तथा सरकारी जग्गाको विवरण संकलन तथा संरक्षणमा वडाअध्यक्ष र वडा कार्यालयहरुलाई गम्भिर हुन निर्देशन दिने निर्णय गरियो । सबै सार्वजनिक तथा सरकारी जग्गाको विवरण संकलन गरी संरक्षणमा तदारुकताका साथ अघि बढने निर्णय गरियो ।

सबै वडाहरुको ब्लक नक्शाको सक्कल प्रति नापी कार्यालयबाट झिकाई वडाहरुमा पठाउने र जग्गा प्रशासन सम्बन्धी सिफारिश गर्दा पर्याप्त सावधानी अपनाउन ध्यानाकर्षण गराइएको छ ।

६) शिक्षा क्षेत्र व्यवस्थापनका लागि तपसिल अनुसार गर्ने निर्णय गरियो:

क) श्री नेपाल राष्ट्रिय नमूना माध्यमिक विद्यालय बकुलिया जीतपुरसिमरा ५ को गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

ख) सबै सामुदायिक विद्यालयहरुको आ. व. २०७५।०७६ को अन्तिम लेखापरीक्षणका लागि कार्यालयले सार्वजनिक गरेका सूचनाका आधारमा प्राप्त आशयपत्रको सूची अनुसार लेखापरीक्षक नियुक्ती प्रकिया अघि बढाउने निर्णय गरियो ।

Scanned by CamScanner

ग) यस जीतपुरसिमरा उपमहानगरपालिका कार्यालयमा शिक्षा तथा खेलकुद महाशाखामा शिक्षा क्षेत्रको नियमित कार्यमा सहयोग गरिरहनुभएका श्री नेरानिमावि छातापिप्रामा कार्यरत श्री कृष्ण चौधरीलाई अर्को व्यवस्था नभएसम्म आंशिक समय सहायकको रुपमा काम लगाउने र मासिक पारिश्रमिक रु. ८,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

घ) शिक्षा क्षेत्रमा सुधारका लागि वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन गर्ने निर्णय गरियो ।

७) बिविध सम्बन्धमा:

क) भिटामिन ए को लागि अपुग रकम रु ६९,०००।०० शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

ख) वडा नम्बर २३ को झोलुंगेपुलको फेब्रिकेशनबापत खरिदका लागि रु ३०,००,०००।०० कायम गरी पुन: बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

ग) डुमरवाना दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडद्वारा प्रस्तुत मिल्कसिटी प्रस्तावलाई स्वीकृत गरियो र कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

घ) गत वर्ष सहकारी क्षेत्रमा कार्यान्वयन हुन नसकेका सहकारी सम्वद्ध योजनाहरुका सम्वन्धमा चालु आवमा तपसिल बमोजिमका प्रकाशित सूचनाका आधारमा तपसिलका संस्थाहरुलाई पूंजीगत अनुदान उपलब्ध गराउने निर्णय गरियो:

अ. प्रभातफेरी दुग्ध उत्पादक सहकारी संस्था सिमरा रु. ५,००,०००।००

आ. जनहित उपभोक्ता सहकारी संस्था सखुवाघाटरु. २,५०,०००।००

इ. ओराहा उपभोक्ता सहकारी संस्था रु. २,५०,०००।००

ङ) जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघलाई व्यवसाय दर्ता तथा नवीकरणको २० प्रतिशत हुन आउने बांकी रकम उपलब्ध गराउने निर्णय गरियो ।

च) नेपाल राष्ट्र बैंक र नेपाल बैंक जीतपुरको पत्र अनुसार उपमहानगरपालिकाको बैंकिग कारोवार २०७६ श्रावण १ गतेदेखि नेपाल बैंक लिमिटेड, जीतपुर शाखामा सञ्चालन गर्ने निर्णय गरियो ।

छ) नगर कार्यपालिका र वडा कार्यालयका लागि आवश्यक कार्यालय सहयोगीको रुपमा जीतपुरसिमरा ७ बस्ने जाकिर हुसेन, जीतपुरसिमरा १२ बस्ने विष्णु चोधरी र जीतपुरसिमरा ९ बस्ने कोमल पासवानलाई करारमा नियुक्ति दिने निर्णय गरियो ।

ज) वडा नम्वर १० को वडा कार्यालयको मर्मतसम्भार कार्य प्राविधिक मूल्यांकनबमोजिम भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

झ) वडा नम्वर १ हरियाली उपभोक्ता समिति खहरेखोला पथलैयाबाट प्राप्त निवेदन अनुसार नदी तटबन्धका लागि रु. ७,००,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

ञ) फोहोरमैला व्यवस्थापनमा सहयोग गरेबापत सम्वन्धित वडाहरुलाई सहयोग उपलब्ध गराउने निर्णय बमोजिम वडा नम्वर १ लाई रु. ८,००,०००।०० र वडा नम्बर ४ लाई रु. ७,००,०००।०० कार्यक्रम उपलब्ध गराउने निर्णय गरियो ।

सम्वन्धित वडा समितिबाट प्राप्त सिफारिशका आधारमा तपसिलका योजनाहरु आगामी नगरसभाबाट स्वीकृत हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

| क. सं. | साविकको योजना | रकम रु. | संशोधित योजना | रकम रु. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क) नगौलको चौधरी टोलमा बाटो ढलान<br>ख) नगौलको मुस्लीमटोलमा बाटो ढलान | १०,००,०००<br>३,००,००० | बाटो ढलान कार्य | ५१,००,००० | ६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग) नगौलको महतो टोलमा बाटो ढलान<br>घ) नगौलको अधुरो बाटो ढलान<br>ङ) शिवमन्दिर देखी दुखा दनुवारको घरसम्म बाटो ढलान<br>च) घुसुकपुरमा अधुरो बाटो ढलान<br>छ) सिदरिया टोलमा बाटो ढलान<br>ज) घुसुकपुर मस्जीदमा मोखतम निर्माण | ३,००,०००<br>५,००,०००<br>३,००,०००<br><br>१५,००,०००<br>१०,००,०००<br>४,००,०००<br>मध्ये २,००,००० | | | | |
| | क) घुसुकपुर मस्जीदमा मोखतम निर्माण<br>ख) खेलकुद तथा सांस्कृतिक पर्वहरु | २००,०००<br>२,००,००० | खेलकुद तथा सांस्कृतिक पर्वहरु | ४,००,००० | | |
| | क) बाटो मर्मत<br>ख) सोलार बत्ती जडान वडा नं. ६ | ५,००,०००<br>५,००,०००<br>मध्ये १,००,००० | बाटो मर्मत | ६,००,००० | | |
| | क) सोलार बत्ती जडान वडा नं. ६ | ४,००,००० मध्येबाट | सोलार बत्ती जडान वडा नं. ६ | ३,००,००० | | |
| | क) नगौलको ब्रह्मनिर्माण तथा मर्मत<br>ख) सोलार बत्ती जडान वडा नं. ६<br>ग) टाँडी टोलमा बाटो ढलान | २,००,०००<br>१,००,०००<br>३,००,००० | ब्रम्हस्थान र शिव मन्दिरको पर्खाल निर्माण | ६,००,००० | | |
| २ | क) जैतापुर चौधरी टोलमा अधुरो नाला निर्माण<br>ख) जैतापुर चौधरी टोलमा स्ल्याब ढलान | ३,००,०००<br><br>१०,००,००० | जैतापुर चौधरी टोलमा स्ल्याब ढलान | १३,००,००० | १७ | |
| | क) जेष्ठ नागरिक सम्मान कार्यक्रम<br>ख) अपाङ्गहरुका लागि ह्विलचेयर | ५०,०००<br>५०,००० | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १,००,००० | | |
| | क) विपद व्यवस्थापन कोष<br>ख) धर्म संस्कृती प्रवर्द्धन कार्यक्रम | १,००,०००<br>४०,००० | बाटो मर्मत | १,४०,००० | | |
| ३ | क) विक्रम निमाविमा पर्खाल निर्माण | १,००,००० | विक्रम निमाविमा गेट निर्माण | १,००,००० | २० | |
| | क) पक्की नउरी कठोह नदीको कुलो<br>ख) पिपरिया मुहानको पैनी सरसफाई<br>ग) खुल्ला दिशामुक्त कार्यक्रम सञ्चालन<br>घ) रामचन्द्र साहको घरदेखी शम्भु यादवको घरसम्मको बाटोमा पक्की नाला निर्माण | १०,००,०००<br>२,००,०००<br>२,००,०००<br>१५,००,००० | रामचन्द्र साहको घरदेखी शम्भु यादवको घरसम्मको बाटोमा पक्की नाला निर्माण | २१,००,००० | | |
| ४ | वडाध्यक्ष लालबाबु चौधरीको घर देखि मठ जाने बाटोको खोलामा कल्भर्ट निर्माण<br>सिचाईको लागि ह्युमपाईप खरिद | ४,००,०००<br>२,५०,००० | वडाध्यक्ष लालबाबु चौधरीको घरदेखि मठ जाने बाटोको खोलामा ह्युमपाईप राख्ने | ६,५०,००० | १२ | |
| ५ | क) भलुही वराहनमा अधुरो ईदगाह मदरसा कम्पाउण्डवाल निर्माण कार्य<br>ख) वडा भरी बाटो मर्मत (आ.व.२०७५।०७६)<br>ग) माटो पुर्ने तथा ग्राभेल (आ. व. २०७४।०७५) | १०,००,०००<br>३,००,०००<br>५,००,०००<br>– | भलुही वराहनमा अधुरो ईदगाह मदरसा कम्पाउण्डवाल निर्माण भुई ढलान कार्य | १८,००,००० | २३ | |

Scanned by CamScanner